राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३५२ | २०८३ भाद्र १८ गते बिहिवार | (Thursday, 3 Sep., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

## संसद्मा भोटेकोशी बाढीको हिसाबकिताबः

# प्रधानमन्त्रीको बचाउ, विपक्षीको प्रश्न

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, भाद्र १७ गते ।*

रसुवाको भोटेकोशीमा भदौ १० गते आएको विनाशकारी बाढीको आठौँ दिन प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन'ले संसद्मा सरकारका कामकारबाहीको फेहरिस्त प्रस्तुत गरेका छन् । तर, सरकारको विवरणसँगै विपक्षी दलका नेताहरूले खोज तथा उद्धारदेखि राहत, समन्वय र विपद् व्यवस्थापनसम्म सरकार चुकेको आरोप लगाउँदै खबरदारी गरेका छन् ।



प्रतिनिधिसभाको बुधवारको बैठकमा प्रधानमन्त्री शाहले बाढी आएको दिनदेखि हालसम्म सरकारले गरेका तथा गरिरहेका कामबारे संसद्लाई जानकारी गराए । त्यसको जवाफमा विपक्षी दलका नेताहरूले सरकारका प्रयासको प्रशंसा गर्नुपर्ने ठाउँमा समर्थन रहने तर कमजोरीमा प्रश्न उठाउने स्पष्ट सन्देश दिए ।

प्रधानमन्त्रीका अनुसार गत बुधवार बिहान ९ बजे तटीय क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा जान आग्रह गरिएको थियो । त्यसको ३५ मिनेटपछि अर्थात् ९:३५ बजे एसएमएसमार्फत समेत सूचना पठाइएको उनले बताए ।

बाढीबाट भएको मानवीय क्षतिको विवरण प्रस्तुत गर्दै प्रधानमन्त्रीले हालसम्म १,१०० भन्दा बढी शव फेला परेको जानकारी दिए । तीमध्ये ९५ वटा शवको मात्र सनाखत हुन सकेको र पहिचानका लागि डीएनए तथा अन्य प्रमाण सुरक्षित रहने गरी शवलाई जमिनमुनि व्यवस्थापन गरिएको उनले बताए ।

घटना भएयता ११ हजार ९९३ जनाको उद्धार गरिएको भए पनि अझै ३ हजार ९१६ जना सम्पर्कविहीन रहेको प्रधानमन्त्रीले संसद्लाई जानकारी गराए ।

अन्तर्राष्ट्रिय सहयोगका विषयमा सरकारले प्रक्रिया छोट्याएर सहयोग लिइरहेको उनले बताए । यति ठूलो विपद्को अवस्थामा अन्तर्राष्ट्रिय सहयोग नलिने कुरा सम्भव नै नरहेको उनको भनाइ थियो । भारत र चीनले घटनाको सुरुवातदेखि नै प्राविधिक टोली पठाएर अनुगमन गरिरहेको पनि प्रधानमन्त्रीले उल्लेख गरे ।

प्रधानमन्त्री दैवी प्रकोप कोषमा हालसम्म ७ अर्ब रुपैयाँभन्दा बढी रकम जम्मा भएको उनले जानकारी दिए । त्यसबाहेक ६१ लाख ४१ हजार अमेरिकी डलरभन्दा बढी सहयोग प्राप्त भएको पनि प्रधानमन्त्रीको भनाइ थियो ।

### 'विपद्मा साथ छौँ, तर सबै खत माफ होइन'

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका नेता भीष्मराज आङ्देम्बेले भदौ १० गतेको बाढीलाई 'बाढीको रूपमा प्रकट भएको प्रलयकारी सुनामी' को संज्ञा दिए । विपद्को यस्तो घडीमा सबैको साझा दायित्व उद्धार, राहत र पुनर्स्थापनामा जुट्नु रहेको बताउँदै उनले सरकारलाई सहयोग गर्ने तर सरकारका हरेक कामको समर्थन भने नगर्ने स्पष्ट पारे ।

'विपद्मा सरकारको साथमा छौँ भन्नुको अर्थ सरकारले गरेका सबै खत माफ भन्ने पनि होइन । राम्रो काम गर्छ, साथ समर्थन छ । बाटो बिराउँछ, खबरदारी र प्रश्न पनि छ । खास सहयोग यही होइन र ?' मौन बसेर खबरदारी र प्रश्न नगरे आफूहरू जिम्मेवारी र कर्तव्यबाट विमुख हुने उनको भनाइ थियो ।

'यो प्रचार होइन, प्राण बचाउने समय हो,' आङ्देम्बेले भने, 'नागरिकको जीवनसँगको प्रश्नलाई गालीको विषय होइन, आफैँभित्रको समीक्षाको विषय बनाउनुहोला ।'

उनले अहिले सबैभन्दा खट्किएको विषय खोज तथा उद्धार रहेको बताए ।

विशेषगरी सुरुङभित्र फसेका नागरिकको खोज तथा उद्धारमा भएको ढिलाइलाई उनले गम्भीर र अमानवीय विषयका रूपमा व्याख्या गरे ।

निजी क्षेत्र तथा अन्तर्राष्ट्रिय समुदायको सहयोग लिन ढिलाइ गर्दा थप क्षतिको जोखिम बढेको हुन सक्ने भन्दै उनले सरकारलाई त्यसतर्फ पनि गम्भीर हुन आग्रह गरे । राहत तथा उद्धारमा सङ्घ, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय हुन नसकेको आरोप लगाउँदै उनले सङ्घले स्रोतको जोहो गर्ने, प्रदेशले व्यवस्थापन गर्ने र स्थानीय तहबाट राहत वितरण गर्ने व्यवस्था मिलाउन सुझाव दिए ।

विपद्को तत्कालीन व्यवस्थापनदेखि दीर्घकालीन पुनर्स्थापना, पुनर्निर्माण र विपद् जोखिम न्यूनीकरणसम्म सरकारका कामको अनुगमन गर्न उच्चस्तरीय विशेष संसदीय समिति गठन गर्नुपर्ने उनको प्रस्ताव थियो ।

### 'सञ्जालमा पोस्ट गरेर सङ्कट समाधान हुँदैन'

नेपाली कम्युनिस्ट पार्टीका संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो पुस्ताले प्रत्यक्ष रूपमा यति भयानक विपद् देख्नु र भोग्नु दुर्भाग्य भएको बताए । विपद्को सुरुवाती चरणमा सरकारको सक्रियता देखिए पनि पछिल्लो चरणमा त्यस्तो तदारुकता नदेखिएको उनको आरोप थियो ।

'सुरुका दिनको तदारुकता र पछिल्लो चरणको उसको कार्यशैलीमा विरोधाभास देखियो । उद्धार कार्यमा सरकार सफल होइन, असफल भएको छ भन्ने जनगुनासो सबैभन्दा बढी सुनिएको छ,' प्रचण्डले भने ।

अब राहत, तत्कालीन पुनर्स्थापना र दीर्घकालीन पुनर्निर्माणका काममा सरकार गम्भीर बन्नुपर्ने उनले बताए । प्रचण्डले सरकारलाई सामाजिक सञ्जालमा देखिने सक्रियताभन्दा संकटमा प्रत्यक्ष उपस्थितिको आवश्यकता रहेको बताए ।

'देशले नेतृत्व खोजेको छैन, हरेक ठाउँमा सरकारको उपस्थिति खोजेको छ । सोशल मिडियामा पोस्ट गरेर तपाईंहरूले चुनाव त जित्नुभयो, यो सङ्कट समाधान हुँदैन,' उनले भने ।

विपत्तिको सामना गर्न सबै तहका सरकार र नागरिकलाई विश्वासमा लिएर परिचालन गर्नुपर्नेमा त्यसो हुन नसकेको उनको आरोप थियो । 'सेना परिचालन भयो, जनपरिचालन भएन,' प्रचण्डले भने ।

### 'सरकारलाई सचेत गराउन विशेष समिति'

नेकपा एमालेका संसदीय दलका नेता रामबहादुर थापाले भदौ १० गतेको बिहान रसुवाका लागि 'कालरात्रि' बनेर आएको बताए ।

नेपालमा हरेक वर्ष बाढीपहिरोबाट ठूलो विनाश हुने र त्यसपछि ज्यान गुमाउनेप्रति श्रद्धाञ्जलि व्यक्त गर्नु नै परम्परा जस्तो बनेको भन्दै उनले प्रश्न गरे– 'के हामी यो नियति र परम्परालाई बदल्न सक्दैनौँ ?' यसका लागि राज्यले दृढ सङ्कल्प गर्नुपर्ने उनको भनाइ थियो ।

थापाले प्रधानमन्त्रीले आफ्नो एकाङ्गी

- *बाँकी पृष्ठ ३ मा*

**विपद्मा परेकालाई साथ दिऔं, मानवीयताको हात बढाऔं !**

सहयोगका लागि

SCAN ME!

Prime Ministers Disaster Relief Fund

अनुरोधकर्ताः

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.

## रसुवा बाढीः

# प्रधानमन्त्री उद्धार कोषमा मिथिलाले साढे ४१ लाख बढी सहयोग गर्ने

**द पब्लिक टुडे समाचारदाता**

*ढल्केवर, भाद्र १७ गते ।*

रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीपहिरोबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग पुऱ्याउन धनुषाको मिथिला नगरपालिकाले साढे ४१ लाखभन्दा बढी रुपैयाँ सहयोग गर्ने भएको छ ।

मिथिला नगरपालिकाको कार्यपालिका स्तरीय निर्णयअनुसार नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, शिक्षक तथा सामुदायिक विद्यालयका कर्मचारी र स्थानीय तह विपद् व्यवस्थापन कोषबाट रकम संकलन गरी नेपाल सरकारको 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष' मा जम्मा गरिने भएको हो ।

नगरपालिकाले सार्वजनिक गरेको विवरणअनुसार नगर प्रमुखबाट ५१ हजार ५५१ रुपैयाँ, नगर उपप्रमुखबाट १२ हजार रुपैयाँ, जनप्रतिनिधिहरूबाट ३ लाख ३३ हजार १६५ रुपैयाँ ९० पैसा सहयोग संकलन गरिएको छ । त्यस्तै, स्थानीय तह विपद् व्यवस्थापन कोषबाट ११ लाख रुपैयाँ, नगरपालिका तथा वडा कार्यालय र स्वास्थ्यतर्फका कर्मचारीबाट ९ लाख ९० हजार ३७४ रुपैयाँ १३ पैसा तथा शिक्षक र सामुदायिक विद्यालयका कर्मचारीबाट १६ लाख १५ हजार ८६ रुपैयाँ सहयोग गरिएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाका अनुसार उक्त रकम कुल ४१ लाख रुपैयाँभन्दा बढी रहेको छ । संकलित रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिनेछ ।

बुधबार नगरप्रमुख महेन्द्र महतो, प्रमुख प्रशासकीय अधिकृत हरि शंकर यादव र लेखा अधिकृत रामबाबु शाहद्वारा जारी प्रेस विज्ञप्तिमा विपद्को घडीमा पीडितहरूको उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले आर्थिक सहयोग गरिएको उल्लेख छ ।

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

# कांग्रेस संस्थापन र इतर पक्षले ल्याए छुट्टाछुट्टै महाधिवेशन तालिका

## संयुक्त बनाउन शेखर सक्रिय





लोकेन्द्र भट्ट

*काठमाडौं, भाद्र १७ गते ।*

नेपाली कांग्रेसमा संस्थापन र इतर समूहले पार्टीको १५ औँ महाधिवेशनको छुट्टाछुट्टै कार्यतालिका अगाडि सारेका छन् । गत पुसमा विशेष र नियमित महाधिवेशनका नाममा विभाजित कांग्रेस नेताहरू यतिबेला १५ औँ महाधिवेशन छुट्टाछुट्टै गर्न तम्सिएका हुन् । विशेष महाधिवेशनबाट आएको गगन थापा नेतृत्वको कांग्रेसले गत चैत ११ मा आगामी असोज १६-१९ का लागि महाधिवेशनको कार्यतालिका ल्याएको थियो । साउन २४ देखि भदौ १ सम्म बसेको कांग्रेस केन्द्रीय कार्यसमिति बैठकले तल्लो तहको अधिवेशनको कार्यतालिका संशोधन गरे पनि महाधिवेशन भने सोही मितिमा गर्ने निर्णय लिएको छ । त्यही अनुसार कांग्रेसले भदौ २४ गतेबाट वडा अधिवेशन गर्ने तयारी तीव्र पारेको छ ।

यता बुधबार चुनदेवीस्थित सम्पर्क कार्यालयमा बसेको इतर पक्षको '१५औं केन्द्रीय महाधिवेशन तयारी समिति'को दोस्रो बैठकमा महाधिवेशनको मिति र विभिन्न तहका अधिवेशनको कार्यतालिका पेस भएको छ । बैठकमा प्रस्तुत कार्यपत्रअनुसार आगामी मंसिर २१, २२ र २३ गते काठमाडौँमा १५ औँ केन्द्रीय महाधिवेशन गर्ने प्रस्ताव गरिएको हो । प्रस्तावित तालिकामा असोज १५ मा वडा अधिवेशन, असोज २० मा पालिका अधिवेशन र असोज २३ मा प्रदेशसभा निर्वाचन क्षेत्र एवं प्रतिनिधिसभा निर्वाचन क्षेत्र अधिवेशन गर्ने उल्लेख छ । त्यस्तै, कात्तिक १५ जिल्ला अधिवेशन, मंसिर ४ मा प्रदेश अधिवेशन गर्ने प्रस्ताव छ । इतर समूहको महाधिवेशन तयारी समितिको बैठकमा महाधिवेशन केन्द्रित ४ समिति गठन गर्ने प्रस्ताव पेस भएको छ । महाधिवेशन तयारीका लागि भदौ १८ गतेभित्र केन्द्रीय निर्वाचन समिति, क्रियाशील सदस्य छानबिन तथा व्यवस्थापन समिति, विधान संशोधन समिति र अनुशासन समिति गरी चार वटा महत्त्वपूर्ण समितिहरू गठन गर्ने प्रस्ताव छ । कांग्रेसका भ्रातृ संगठन महिला संघ, नेविसंघ, तरुण दल, दलित संघ, आदिवासी जनजाति महासंघको तदर्थ समिति समेत गठन गरिने कार्यपत्रमा उल्लेख छ ।

महाधिवेशनको तयारीका लागि ७७ वटै जिल्लामा केन्द्रीय प्रतिनिधिहरू तोकिने, प्रस्ताव पनि बैठकमा पेस भएको छ । भदौ २० गतेभित्र प्रतिनिधिहरू जिल्ला पुगिसक्नुपर्ने र भदौ २५ गतेभित्र जिल्ला अधिवेशन तयारी समिति गठन गरिसक्नुपर्ने कार्यतालिका उल्लेख छ । भदौ २८ गतेभित्र संघीय निर्वाचन क्षेत्रीय समिति र प्रदेश निर्वाचन क्षेत्रीय समिति अधिवेशन तयारीमा गठन गर्ने प्रस्तावमा उल्लेख छ भने असोज ३ मा पालिका र वडा अधिवेशन तयारी समिति गठन गर्ने भनिएको छ । क्रियाशील सदस्यता सम्बन्धी विवाद टुङ्ग्याउन असोज ९ गतेको समय सीमा तोकिएको छ ।

१४ औँ महाधिवेशनमा सहभागी भएका, १५ औँ महाधिवेशनमा भाग लिने गरी १४ औँ महाधिवेशनमा निर्णय भएका, २०८२ पुस १० भित्र नवीकरण गरेका र नयाँ क्रियाशील सदस्यता लिएका सबैलाई अधिवेशनमा भाग लिन दिने प्रस्तावमा उल्लेख छ ।

१४ औँ महाधिवेशनमा सहभागी भएका, १५ औँ महाधिवेशनमा भाग लिने गरी १४ औँ महाधिवेशनमा निर्णय भएका, २०८२ पुस १० भित्र नवीकरण गरेका र नयाँ क्रियाशील सदस्यता लिएका सबैलाई अधिवेशनमा भाग लिन दिने प्रस्तावमा उल्लेख छ ।

नेता मीन विश्वकर्माले सर्वोच्च अदालतले महाधिवेशन गर्ने बाटो खोलिदिएपछि आफूहरू अगाडि बढेको बताए । 'आयोग र अदालतले मान्यता दिएको छ भनेर उनीहरू (संस्थापन पक्ष)ले एकलौटी महाधिवेशनको कार्यतालिका ल्याए । त्यो रोकेर हामीले कार्यतालिका साझा बनाएर जाऔँ भनेर अदालत गयौँ,' उनले भने, 'विवादित कुनै एउटा पक्षले गर्न लागेको महाधिवेशन रोकिपाऊँ भन्दा अदालतले रोक्नुपर्ने आवश्यकता देखिएन भनेपछि त जसले गरे पनि हुने भयो । कुनै एउटा पक्षले मात्र गरे हुने भनेको त होइन ।'

त्यसैले आफूहरूले पनि महाधिवेशन गर्न नरोकौँ भनेर कार्यतालिका ल्याएको उनको भनाइ छ । केन्द्रीय कार्यसमितिको विवाद वडासम्म पुग्ने डरले साझा महाधिवेशन गर्ने प्रयत्न सफल नहुने देखिएपछि नयाँ कार्यतालिका ल्याएर अगाडि बढेको विश्वकर्मा बताउँछन् । कांग्रेस सहमहामन्त्री योगेन्द्र चौधरीले दुवै पक्षबीच छलफल भएर १५ औँ महाधिवेशन संयुक्त रुपमा गर्न सकिने सम्भावना कायमै रहेको बताए ।

'सभापतिजी सबैलाई मिलाएर लैजान तयार हुनुहुन्छ । नेतृत्व तहमा छलफल सकारात्मक रुपमा अगाडि बढेको छ,' चौधरीले भने, 'उहाँहरूको कार्यतालिका पार्टी एकताका लागि नै हो । उहाँको कार्यतालिकाले पार्टी एकतामै जोड दिन्छ ।'

### देउवा-गगन मिलाने प्रयासमै शेखर

कांग्रेस नेता डा शेखर कोइरालाले भने संस्थापन र इतर पक्षले ल्याएका छुट्टाछुट्टै महाधिवेशन तालिकालाई संयुक्त बनाउन भन्दै संवाद अगाडि बढाएका छन् । भदौ १५ मा देउवालाई भेटेका कोइरालाले १५ औँ महाधिवेशन साझा रुपमा बनाउने विषयमा जोड दिएका थिए । देउवासँगको छलफल सकारात्मक रहेको कोइरालाले आफू पक्षीय नेताहरूलाई ब्रिफिङ गरेको निवर्तमान सहमहामन्त्री बद्री पाण्डेलले बताए ।

'मैले गगनजीसँग भेटवार्ता गर्नुहोस् । पार्टी मिलाउनुको विकल्प छैन भन्दा हुन्छ भन्नुभएको छ,' शेखरको भनाइ उद्धत गर्दै पाण्डेले भने, 'केही दिनमा उहाँहरूको भेटवार्ता हुन्छ होला । पार्टी मिलाउन सबै सकारात्मक नै हुनुहुन्छ ।'

पाण्डेका अनुसार मंगलबार विशालनगरस्थित आफ्नो सम्पर्क कार्यालयमा तीन पक्षका नेतालाई बोलाएर शेखरले १५ औँ महाधिवेशनलाई साझा बनाउने प्रस्ताव प्रस्तुत गरेका थिए । केन्द्रीय समितिमा सदस्य नथपी सिधै १५ औँ महाधिवेशनमा जाने गरी शेखरले नयाँ प्रस्ताव राखेको उनको भनाइ छ ।

'सुरुमा शेखर दाइले १४ औँ महाधिवेशनबाट आएका सबैलाई समेटेर लैजान गगनजीलाई प्रस्ताव राख्नुभयो । उहाँले मान्नुभएन । त्यसपछि महाधिवेशन आयोजक समिति बनाउन कार्यदल बनाउने प्रस्ताव अगाडि सार्दा पूर्णबहादुर दाइले मान्नुभएन,' उनले भने, 'अहिले १५औँ महाधिवेशनको आयोजना संयुक्त रूपमा गर्नुपर्ने नयाँ प्रस्ताव उहाँको छ।' सभापतिमा गगन थापालाई नै मानेर महाधिवेशन गर्ने प्रयोजनका लागि अरु विवाद नगरी असन्तुष्ट पक्षका माग र चासोलाई पूरा हुने गरी सहमति खोज्न सकिने शेखरको प्रस्ताव छ । पाण्डेका अनुसार असन्तुष्ट पक्षका दुईचारवटा मागलाई पूरा गरेर महाधिवेशनमा जान सकिने शेखरको प्रस्ताव थियो । 'पुराना सिनियर नेताहरूको क्रियाशील सदस्य नवीकरण स्वतः गरिदिने । महाधिवेशनका लागि बनाइने समितिहरू सहमतिमा बनाउने कुरा उहाँको छ,' उनले भने, 'यस्तो हुँदा संयुक्त रूपमा महाधिवेशन गरेको सन्देश दिन सकिन्छ भन्नेमा उहाँ हुनुहुन्छ । त्यही अनुसार दुवै पक्षसँग छलफल भइरहेको छ । विवाद मिलाउन सकिनेमा उहाँ आशावादी हुनुहुन्छ ।' शेखरको प्रस्तावमा सभापति थापा सकारात्मक देखिएको भन्दै देउवा पक्षका केही नेताहरूलाई बनाउने प्रयास भइरहेको पाण्डे बताउँछन् । छलफलमा संस्थापन पक्षमा रहेका केन्द्रीय सदस्यलाई केही दिन महाधिवेशन सार्न र देउवा पक्षका रहेका नेताहरूलाई समानन्तर महाधिवेशन रोक्न जोड दिन शेखरको सुझाव थियो ।

## सम्पादकिय............

# अपराध नियन्त्रणमा थप सक्रियता आवश्यक

समाजमा अपराधका घटना बढ्दै जानु नागरिक सुरक्षाका लागि गम्भीर चुनौती हो । बालबालिकासमेत अपहरणपछि हत्या हुने र अपराधमा किशोर उमेरका व्यक्ति संलग्न भएको देखिनु अझ चिन्ताजनक विषय हो । बारामा ११ वर्षीय बालक राजेशकुमार साहको अपहरणपछि हत्या भएको घटनामा संलग्न रहेको आरोपमा १७ वर्षीय किशोर पक्राउ परेको तथ्यले हाम्रो सुरक्षा र सामाजिक व्यवस्थामाथि गम्भीर प्रश्न उठाएको छ ।

घटना भएपछि प्रहरीले खोजतलास अघि बढाएको, स्थानीयको सहयोग लिएको तथा भारतीय प्रहरीसँग समन्वय गरी अनुसन्धान अघि बढाएको पक्ष सकारात्मक छ । तर अपराध भइसकेपछि अनुसन्धान र पक्राउमा मात्र सीमित हुने सुरक्षा प्रणालीले नागरिकमा पूर्ण सुरक्षाको अनुभूति दिलाउन सक्दैन । अपराध हुन नदिन पूर्वसूचना, निगरानी र प्रभावकारी सुरक्षा व्यवस्थालाई प्राथमिकता दिनुपर्छ । विशेषत: सीमावर्ती क्षेत्रमा अपहरण, मानव बेचबिखन, लागूऔषध कारोबार, चोरी-तस्करीलगायत अपराधको जोखिम बढी हुने भएकाले नेपाल-भारत सुरक्षा संयन्त्रबीचको समन्वय अझ प्रभावकारी बनाउन आवश्यक छ । स्थानीय तह, प्रहरी, विद्यालय, अभिभावक र समुदायबीच सहकार्य गरी बालबालिकाको सुरक्षा तथा जोखिममा रहेका व्यक्तिको पहिचान गर्ने संयन्त्र पनि विकसित गरिनुपर्छ ।

सरकारले अपराध नियन्त्रणका लागि बनाएका नीति, योजना र कार्यक्रमलाई कागजमै सीमित नराखी परिणाममुखी ढंगले कार्यान्वयन गर्नुपर्छ । प्रहरीलाई आवश्यक स्रोतसाधन, प्रविधि र जनशक्ति उपलब्ध गराउँदै अनुसन्धान क्षमतालाई आधुनिक बनाउनुपर्छ । साथै, अपराधमा संलग्न जोसुकै भए पनि कानुनको दायरामा ल्याउने दृढता आवश्यक छ । नागरिकले सुरक्षित भएर बाँच्न पाउने वातावरण निर्माण गर्नु राज्यको पहिलो दायित्व हो । त्यसैले बढ्दो अपराध नियन्त्रणका लागि तत्कालीन प्रतिक्रियाभन्दा दीर्घकालीन सुरक्षा नीति, ठोस कार्ययोजना र त्यसको प्रभावकारी कार्यान्वयनमा राज्यले थप सक्रियता देखाउनैपर्छ ।

## राशिफल

मेष - लक्ष्यमा परिवर्तन आउन सक्छ ।
वृष - नयाँ कामको प्रस्ताव आउनेछ ।
मिथुन - साथ दिनेहरू बढ्नेछन् ।
कर्कट - कामले फाइदा दिलाउनेछ ।
सिंह - सफलताले थप हौसला बढ्नेछ ।
कन्या - परिवारजनसँग भेटघाट हुनेछ ।
तुला - उपहार प्राप्त हुनेछ ।
वृश्चिक - व्यक्तित्वमा आकर्षण ल्याउनेछ ।
धनु - प्रतिफल कम प्राप्त हुनेछ ।
मकर - टाढिनुपर्ने परिस्थिति आउन सक्छ ।
कुम्भ - विशेष फाइदा हुनेछ ।
मिन - साझेदारीबाट लाभ मिल्नेछ ।

# भाइको प्रतीक्षामा रामकुमार...

सुरुङ्गा नगरपालिका-२ का सरोज चौधरी पनि भोटेकोशीमा आएको बाढीपछि सम्पर्कविहीन छन् ।

उनको अवस्थाबारे यथाशीघ्र सार्वजनिक गर्न परिवारले सम्बन्धित सबै पक्षसँग आग्रह गरेको छ ।

सुरुङ्गा नगरपालिका-७ बसानपट्टीका एक आमाछोरा पनि बाढीपछि सम्पर्कविहीन छन् । बसानपट्टीका दुर्गानन्द रामकी पत्नी गीता राम र उनका तीन वर्षीय छोरा दिवासकुमार राम बाढीपछि सम्पर्कविहीन छन् ।

दुर्गानन्द राम करिब तीन वर्षअघि मोटरसाइकल ग्यारेजमा काम गर्न नुवाकोटको त्रिशूली बजारमा पत्नी र छोरासहित बस्दै आएको थियो ।

दुर्गानन्द राम सकुशल रहे पनि आमाछोरा अझै सम्पर्कविहीन छन् ।

यता, नुवाकोट, हाइड्रोपावरमा कामदारका रूपमा कार्यरत खडक नगरपालिका-५ रञ्जितपुरका २८ वर्षीय सन्तोष चौधरीको मृत्यु भएको पुष्टि भएको छ । उनको शव गण्डकी अस्पताल कास्की, पोखरामा पहिचान गरिएको सप्तरीका सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवले बताए ।

उनले भने, "बेपत्ताको खोजीकार्य जारी छ । कुनै सूचना आए पीडितपरिवारलाई तत्काल जानकारी दिन्छौँ ।"

बाढीका कारण बोदेबरसाइन नगरपालिका आसपासका झन्डै ४८ व्यक्ति अहिलेसम्म सम्पर्कमा आउन नसकेपछि उनीहरूको परिवार पीडामा छ । सुरूङ, टनेलमा फसेकाको तत्काल उद्धार गर्न पीडितपरिवारले सरकारसँग माग गरेका छन् ।

मधेस प्रदेश प्रहरी कार्यालयको मङ्गलबारको तथ्याङ्कअनुसार रसुवा बाढीमा १६४ जना अझै सम्पर्कविहीन छन् भने १९५ जना बेपत्ता भएकामा ३० जना सम्पर्कमा आइसकेका छन् । एक जनाको मृत्यु भएको पुष्टि भएको छ ।

सप्तरीका ४९ जनामध्ये एक जना सम्पर्कमा र एक जनाको मृत्यु भएको छ ।

रसुवा भोटेकोशी नदीमा आएर भएको बाढीले जनधनको क्षति र एक जनाको मृत्यु र ४८ जना सम्पर्कविहीन भएपछि सिङ्गो सप्तरी यतिबेला शोकमा डुबेको छ ।

# भोटेकोशी बाढी : कुशको शव...

अन्त्येष्टि गरेका छौँ", उनले भने। बेपत्ताको शव फेला नपरेपछि परिवारजनले धार्मिक संस्कारअनुसार अन्तिम कर्म गर्नुलाई पीडाका बीचमा आफन्तप्रतिको अन्तिम श्रद्धाञ्जलीका रूपमा लिएका छन् । आर्यघाटमा कुशबाट तयार पारिएका प्रतीकात्मक शव जलाउँदा आफन्तजन भावविह्वल बनेका थिए ।

भोटेकोशी नदीमा यही भदौ १० गते गएको अचानकको ठूलो बाढीका कारण रसुवा, नुवाकोटलगायत आसपासका क्षेत्रमा ठूलो मानवीय तथा भौतिक क्षति भएको थियो । बाढीपछि ठूलो संख्यामा मानिस बेपत्ता भएका छन् भने विभिन्न स्थानमा खोजी तथा उद्धार कार्य जारी रहेको छ ।

बेपत्ताको खोजी भइरहे पनि लामो समयसम्म कुनै सम्पर्क वा अवस्था पत्ता नलागेपछि केही परिवारले आफन्तको जीवित उद्धार हुने आशा त्याग्न थालेका छन् । त्यसपछि उनीहरूले हिन्दू परम्पराअनुसार कुशबाट प्रतीकात्मक शव बनाएर अन्तिम संस्कारमा सामेल हुन थालेका हुन् ।

आर्यघाटमा बुधवार भएको सामूहिक अन्त्येष्टिले भोटेकोशी बाढीले निम्त्याएको मानवीय पीडाको गहिराइसमेत झल्काएको छ। आफ्ना आफन्तको वास्तविक शवसमेत देख्न नपाएका परिवारजनले प्रतीकात्मक शवलाई अन्तिम श्रद्धाञ्जली दिँदै धार्मिक संस्कार पूरा गरेका छन् ।

बेपत्ता आफन्तको सम्झनामा गरिएको यस अन्तिम संस्कारका क्रममा आर्यघाटमा उपस्थित परिवारजन र आफन्तहरू भावुक देखिन्थे । कसैले कुशबाट तयार गरिएको प्रतीकात्मक शव बोकेर घाटसम्म ल्याएका थिए भने कसैले धार्मिक विधिअनुसार कर्मकाण्ड पूरा गरेका थिए ।

बाढीले आफन्त गुमाएका परिवारका लागि शव नपाउनुको पीडा अझ गहिरो छ । मृत्यु पुष्टि गर्न शवसमेत प्राप्त नभएका अवस्थामा लामो समयसम्म अनिश्चिततामा बस्नुपरेका परिवारजनले बुधवार प्रतीकात्मक अन्त्येष्टिमार्फत आफन्तप्रति अन्तिम श्रद्धाञ्जली अर्पण गरेका हुन् । यसरी कुशबाट शवको प्रतीक बनाएर गरिएको सामूहिक अन्त्येष्टि भोटेकोशी बाढीमा बेपत्ता भएका नागरिकका परिवारले भोगिरहेको पीडा, अनिश्चितता र भावनात्मक सङ्घर्षको मार्मिक चित्र देखिएको छ ।

# चिकित्सक अभावमा सास्ती...

सहज रूपमा पाउन सकेका छैनौँ,' उनले भनिन् ।

बुवाको उपचारमा आएका लहान-२ का जितेन्द्र यादवले घण्टौं लाइनमा बसेर जाँच गरिसकेपछि औषधि अस्पताल बाहिरबाट किन्नुपरेको बताए । उनले भने, 'यहाँ छैन, बाहिरबाट किन्न भनेर स्लिप दिइयो। त्यो किन्न एक हजार ८ सय लाग्यो सय रुपैयाँको औषधि बाहिरबाट किन्नुपर्‍यो ।'

यता, अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.वर्षा प्रकाशले अस्पतालमा आवश्यक जनशक्ति नहुँदा सेवाग्राहीले लामो समय लाइनमा बस्नुपर्ने अवस्था आएको बताइन् ।

उनका अनुसार अस्पतालले एक जना फिजिसियन र चार जना मेडिकल अफिसर माग गर्दै प्रदेशदेखि संघीय मन्त्रालयसम्म पटक-पटक पत्राचार गरेको छ । 'पछिल्ला चार महिनामा मात्रै करिब ६ पटक पत्राचार गरेपनि अहिलेसम्म चिकित्सक पठाउने विषयमा सुनुवाइ भएन,' उनले भनिन् ।

चिकित्सक अभावकै कारण अस्पतालका विभिन्न सेवा प्रभावित भइरहेको उनले बताइन् ।

# संसद्मा भोटेकोशी बाढीको...

शैली परिवर्तन गर्नुपर्ने र सरकारले अघि बढाइरहेका योजनाबारे संसद्लाई नियमित रूपमा जानकारी गराउनुपर्नेमा जोड दिए। सरकारलाई सचेत गराउन तथा आवश्यक सहयोग र मार्गनिर्देशन गर्न विशेष संसदीय समिति गठन गर्नुपर्ने उनले बताए ।

**'प्रभावकारी काम भएन'**

राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलका नेता ज्ञानबहादुर शाहीले उद्धारका लागि आवश्यक उपकरण खरिद तथा परिचालनमा आफूहरूले पटकपटक आग्रह गरे पनि प्रभावकारी काम हुन नसकेको आरोप लगाए । अन्तर्राष्ट्रिय समुदायबाट उद्धारसम्बन्धी विज्ञ उपलब्ध गराउने प्रस्ताव आए पनि सरकारले ९६ घण्टापछि मात्र त्यसलाई स्वीकृति दिएको उनको दाबी थियो । प्रधानमन्त्रीले संसद्मा सुरुङभित्र पसेर खोजी गर्ने प्रविधि संसारमै नभएको दाबी गरेको प्रसङ्ग उठाउँदै शाहीले त्यसमा असहमति जनाए ।

'हिलोभित्र पसेको सुरुङभित्र पठाउने प्रविधि संसारमै छैन । दाबीका साथ भन्न सक्छु, संसारभरि यो प्रविधिमा काम भइरहेको छ,' उनले भने । बाढीको आठौँ दिन संसद्मा प्रस्तुत भएको सरकारको विवरण र विपक्षी दलका प्रश्नले अबको बहस केवल उद्धार र राहतमा सीमित नरहने संकेत गरेको छ । कति जनाको उद्धार भयो भन्ने तथ्यांकसँगै कति जनालाई समयमै उद्धार गर्न सकिएन, किन सकिएन र आगामी दिनमा यस्ता विपद् दोहोरिँदा राज्य कति तयार छ भन्ने प्रश्न पनि उत्तिकै पेचिलो बनेको छ ।





सोनमा गाउँपालिका

सोनमा, महोत्तरी, मधेश प्रदेश



जिल्ला महोत्तरी बर्दिवास नगरपालिका वडा नं. १३ मा **मनकामना भेनियर उद्योग** निर्माण एवं संचालनका लागि आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी

## सार्वजनिक सूचना

मधेश प्रदेश, महोत्तरी जिल्ला, बर्दिवास नगरपालिका वडा नं. १३ मा निर्माण एवं स्थापना भई सञ्चालन हुने **मनकामना भेनियर उद्योग**ले निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागेको छ ।

| विवरण | जानकारी |
| --- | --- |
| प्रस्तावकको नाम र ठेगाना : | नाम : **मनकामना भेनियर उद्योग**<br>ठेगाना : बर्दिवास नगरपालिका वडा नं.-१३, महोत्तरी<br>सम्पर्क नं. : ९८०१५५३५३५ |
| प्रस्तावको व्यहोरा : | बर्दिवास नगरपालिका वडा नं.-१३, महोत्तरीको किता नं. २१७ र २१८ को क्षेत्रफल ०-१९-३ (वि-क-ध) जग्गामा निर्माण एवं स्थापना भई संचालन हुने **मनकामना भेनियर उद्योग**का लागि आवश्यक **प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्ने कार्य ।** |
| प्रभाव पर्न सक्ने जिल्ला/ न.पा./गा.पा.: | बर्दिवास नगरपालिका, महोत्तरी |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको **प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली**बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले **७ (सात) दिन भित्र** निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| विवरण | जानकारी |
| --- | --- |
| **सम्बन्धित वडा कार्यालय :** | बर्दिवास नगरपालिका १३ नं. वडाकोकार्यालय, महोत्तरी |
| **प्रस्तावकको नाम र ठेगाना :** | **नाम :** मनकामना भेनियर उद्योग<br>**ठेगाना :** बर्दिवास नगरपालिका वडा नं.-१३, महोत्तरी<br>**सम्पर्क नं. :** ९८०१५५३५३५ |
| **परामर्शदाताको नाम र ठेगाना :** | **सुनराइज कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., वीरगंज-१६, पर्सा ।**<br>**सम्पर्क व्यक्ति :** शम्भु प्रसाद चौरसिया<br>**सम्पर्क नं. :** ९८५१००६६४३<br>**इमेल :** shambhuprasadchaurasia@gmail.com |



## भूमि प्रशासन कार्यालय गौशाला, महोत्तरीको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला महोत्तरी साविक फुलकाहा गा.वि.स. वडा नं.-३ हाल गौशाला न.पा.वडा नं.-३ बस्ने राज कुमार राय यादवको बुहारी बेचन राय यादवको पत्नी ना.प्र.नं. १३६७०२३८ जारी मिति २०४३/११/०६ की श्री सोमनी देवी यादवले तपशिलमा उल्लेखित जग्गाको श्रेस्ता कायम गरी नामसारी गरी पाउँ भनी यस कार्यालयको द.नं. ८११६ मिति २०८३/०३/२५ गतेको माग निवेदनसाथ गौशाला न.पा. ६नं. वडा कार्यालयको च.नं. ४२ मिति २०८३/०४/१९ गतेको श्रेस्ता कायम र हकभोग सिफारिस, सोही वडा कार्यालयबाट सम्पन्न मुचुलका, सक्कल ज.ध.पूर्जा, मालपोत तिरो रसिद, प्लटरजिष्टर, नक्सा, मोठ फाटबाट जि.म. गा.वि.स. भेडियाही फुलकाहा वडा नं. ५ कि.नं. ५५७ क्षेत्रफल ०-३-६.५ र ऐ.ऐ. गा.वि.स. वडा नं. १ कि.नं. १०४९ क्षेत्रफल ०-१-८ को जग्गा कम्प्युटर LRIM अनुसार मोठ ठेली नं. २९ को पाना नं. ३६९३ को मोठ ठेली नं. २९ खोज तलास गर्दा फेला नपरेको व्यहोरा उल्लेख भएको आधारमा यस कार्यालयको मिति २०८३/०५/१६ गतेको आदेशानुसार उक्त कित्ताहरुको श्रेस्ता कायम गर्ने सम्बन्धमा ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । तपशिलमा उल्लेखित जग्गा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा हक जाने भए सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माग दावी बमोजिम श्रेस्ता कायम गरी नामसारी गर्न तर्फ कानून बमोजिम कारवाही भैजानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुर बाजुर नलाग्ने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

तपशिल:-

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| महोत्तरी | भेडीयाही फुलकाहा | ५ | ५५७ | ०-३-६.५-० | ज.ध.बेचन राय यादवको एक मात्र पत्नी ना.प्र.नं. १३६७०२३८ जारी मिति २०४३/११/०६ की श्री सोमनी देवी यादवकी नाउँमा श्रेस्ता कायम गरी नामसारी हुने । |
| महोत्तरी | भेडीयाही फुलकाहा | १ | १०४९ | ०-१-८-० | |

जि.प्र.का.महोत्तरी.द.नं. ४२-०७०/७१
जि.हु.का.द.नं. २-०८०/८१
पब्लिक टुडे
२०८३ भाद्र १८ गते बिहिवार


# भाइको प्रतीक्षामा रामकुमार

राष्ट्रिय समाचार समिति

*सप्तरी, भाद्र १७ गते ।*

रामकुमार यादव आफ्ना तीन भाइ एकैपटक घर आउन सक्ने व्यग्र प्रतीक्षामा छन् । सप्तरीको बोदेबर्साइन नगरपालिका-८ काचनका यादव परिवारका जेठा छोरा रामकुमारले भोटेकोशी बाढीमा परी सम्पर्कविहीन भएका भाइहरू घर आउन सक्ने प्रतीक्षामा रहेको जानकारी दिए ।
उनका सबै भाइ रसुवास्थित अपरत्रिशूली-१, जलविद्युत् आयोजनामा कार्यरत थिए । माइलो ३५ वर्षीय शिवकुमार यादव सुपरभाइजर, साइँलो ३१ वर्षीय देवकुमार यादव इन्जिनियर र कान्छो २५ वर्षीय सचित ओभरसियर पदमा कार्यरत थिए । "घरमा चुलो नबलेको एक हप्ता भयो, भाइहरूकै सम्झनाले सताइरहेको छ", रामकुमारले भने, "भाइहरू अहिलेसम्म



सम्पर्कमा नआए पनि झिनो आशामा उनीहरू घर आउने प्रतीक्षामा हामी छौँ ।"
उनीहरूकी ७० वर्षीया आमा छिनछिनमा छोरा ल्याइदेऊ, छोराहरूबिना कसरी बस्नु भन्दै बेलाबेलामा मुर्छित हुने गरेको स्थानीय विनोद साहले बताए । आमा र सम्पर्कविहीन भएका दाजुभाइका पत्नीहरूको अवस्था पनि दुखद् छ । कतिबेला श्रीमान् भेटिएला र खबर आउँला भन्ने पर्खाइमा उनीहरू कुरिरहेका छन् ।
माइलो, शिवकुमारको विवाह भएको पाँच वर्ष भयो । उनका दुई सन्तानसमेत छन् । साइँलो छोरा देवकुमारको यही वैशाखमा विवाह भएको हो । कान्छो सचित भने अविवाहित थिए । तीन वटै छोराहरू रसुवामा काम गर्न थालेपछि सुखी थियो यादव परिवार ।
शिवकुमारको पत्नीसँग बाढी आएको दिन बिहान भलाकुसारी भएको थियो । बाढी आउने कुनै अत्तोपत्तो थिएन । एक्कासी सम्पर्कविहीन भएको उनकी पत्नीले बताइन् । 'बुबा लालबहादुर भने छोराहरूको खोजीका लागि रसुवा गएको चार दिन बित्यो । छोराहरूसँग कतै सम्पर्क हुन सकेन,' लालबहादुरले भने ।
उनीहरूको जस्तै विष्णुपुर गाउँपालिका-१ खुरहुरियाका ३६ वर्षीय इन्जिनियर अजयकुमार यादवको परिवारको पीडा उस्तै छ । अजय पनि बाढी आएकै दिनदेखि सम्पर्कविहीन छन् । उनी रसुवा जिल्लाको उत्तरगया गाउँपालिका-५ स्थित नीलकण्ठ माध्यमिक विद्यालय बोगटीटारमा कार्यरत शिक्षक थिए ।
उनी सोही ठाउँमा डेरा लिएर बस्दै आएका थिए । बाढी आएकै दिनदेखि अजय सम्पर्कमा नआएपछि उनको घरमा सन्नाटा छाएको छ । घरमा चुलोसमेत बल्न सकेको छैन । उनका आमाबुबा छिनछिनमा मुर्छित् पर्दै आएका छन् । अन्य परिवार चिन्तामा छन् ।
उनको मामाका छोरा श्यामसुन्दर यादव भाइको खोजीमा रसुवासम्म पुगे । भाइको कुनै पत्तो नलागेको जानकारी दिए । रसुवाकै मेलुङ्-५ एमभी हाइड्रोपावरमा कार्यरत

- बाँकी पृष्ठ ३ मा

# चिकित्सक अभावमा सास्ती झेल्दै बिरामी

सुरेश राय

*सिरहा, भाद्र १७ गते ।*

सिरहाको लहानस्थित रामकुमार-शारदा उमा प्रसाद मुरारका प्रादेशिक लामो समयसम्म पालो कुर्न बाध्य हुने गरेका छन् ।
लहान-१९ की देवकुमारी सदायले रगत तथा पिसाब परीक्षणका लागि बिहान १० बजे अस्पताल पुगेपनि दिउँसो ४ बजेसम्म



अस्पतालमा उपचार तथा स्वास्थ्य परीक्षणका लागि पुग्ने सेवाग्राहीले सहज र व्यवस्थित सेवा पाउन नसकेको गुनासो गरेका छन् ।
आवश्यक जनशक्ति अभाव र कमजोर सेवा व्यवस्थापनका कारण बिरामी तथा कुरुवाले चर्को घाममा घण्टौंसम्म लाइनमा बस्नुपर्ने बाध्यता देखिन्छ । बिहानै अस्पताल पुगेका सेवाग्राहीसमेत पनि रिपोर्ट नपाएको बताइन् । 'एकातिर प्रचण्ड गर्मी, त्यसमाथि बस्ने ठाउँसमेत रहेनछ । घण्टौंदेखि उभिएर बस्नुपर्‍यो,' उनले भनिन् ।
सखुवानन्कारकटी-२ की कल्पना सदाय पनि अस्पताल आएको ६ घण्टा बित्दा पनि सहज रूपमा सेवा पाउन नसकेको बताइन् । 'सरकार फेरियो, तर हामीले सेवा

- बाँकी पृष्ठ ३ मा

# बाढी प्रभावित कुन क्षेत्रमा कति रकम निकासा भयो ?

राष्ट्रिय समाचार समिति

*काठमाडौँ, भाद्र १७ गते ।*

सरकारले रसुवाको भोटेकोशी नदीमा गएको बाढीबाट प्रभावित पाँच जिल्लाका १५ स्थानीय तहका लागि १३ करोड ५० लाख निकासा गरेको छ । सरकारले दुई चरणमा गरी ती पालिकामा उक्त रकम निकासा गरेको हो ।
प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार भोटेकोशी हुँदै त्रिशूली नदीमा बाढी गएलगत्तै रसुवा र नुवाकोटका लागि एक/एक करोड र धादिङका लागि ५० लाख दिने निर्णय सरकारले गरेको थियो ।
त्यसपछि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत यही भदौ १२ गते छ करोड ५० लाख र १६ गते छ करोड ५० लाख गरी १३ करोड ५० लाख निकासा गरेको हो ।
प्राधिकरणका अनुसार रसुवाको उत्तरगया गाउँपालिकाका लागि एक करोड ५० लाख, गोसाइँकुण्ड गाउँपालिकाका लागि दुई करोड, कालिका गाउँपालिकाका लागि ६० लाख र आमा छोदिङ्मो गाउँपालिकाका लागि ४० लाख निकासा गरिसकेको छ ।
त्यसैगरी, नुवाकोटको विदुर नगरपालिकाका लागि तीन करोड, बेलकोटगढी नगरपालिकाका लागि एक करोड ५० लाख, किस्पाङ गाउँपालिकाका लागि ५० लाख र तारकेश्वर गाउँपालिकाका लागि एक करोड निकासा गरिएको छ ।
त्यस्तै, धादिङका गल्छी गाउँपालिकाका लागि ६० लाख, सिद्धलेक गाउँपालिकाका लागि ४० लाख, गजुरी गाउँपालिकाका लागि ४० लाख र बेनिघाट रोराङ गाउँपालिकाका लागि ४० लाख निकासा गरिएको प्राधिकरणले जनाएको छ । साथै गोरखाको गण्डकी गाउँपालिकाका लागि ४० लाख तथा तनहुँको देवघाट गाउँपालिकाका लागि ४० लाख र आँबुखैरनी गाउँपालिकाका लागि ४० लाख निकासा भइसकेको पनि प्राधिकरणले जनाएको छ ।
यसैबीच, प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा हालसम्म सात अर्ब ८८ लाख ५७ हजार २१७ जम्मा भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ ।
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई भदौ १६ गते एक करोड निकासा दिएपछि अब सो कोषमा छ अर्ब ८८ लाख ५७ हजार २१७ मौज्दात रहेको छ । साथै प्रधानमन्त्री राहत कोषमा थप ६१ लाख ४१ हजार ७०२ अमेरिकी डलर जम्मा भएको छ ।

# भोटेकोशी बाढी : कुशको शव बनाएर सामूहिक अन्त्येष्टि

राष्ट्रिय समाचार समिति

*काठमाडौँ, भाद्र १७ गते ।*

गत भदौ १० गते रसुवास्थित भोटेकोशी नदीमा गएको विनाशकारी बाढीमा परी बेपत्ता भएका व्यक्ति जीवित भेटिने आशा टरेपछि उनीहरूका आफन्तले कुशको शव बनाएर अन्तिम संस्कार गरेका छन् । बेपत्ता भएका व्यक्तिका परिवारजनले हिन्दू परम्पराअनुसार कुशको शवको प्रतीक बनाएर सामूहिक अन्त्येष्टि गरेका हुन् ।
बाढी गएको लामो समय बितिसक्दा पनि आफन्तको अवस्था पत्ता लाग्न नसकेपछि परिवारजनले अन्तिम संस्कारका लागि कुशबाट शवको प्रतीक बनाएका हुन् । बुधवार पशुपतिस्थित आर्यघाटमा दर्जनौं कुशका शवको प्रतीक बनाएर सामूहिक अन्त्येष्टि गरिएको हो ।
आर्यघाटमा एकैपटक दर्जनौं संख्यामा बेपत्ताका परिवारजन भेला भएपछि दिनभरजसो बाक्लो भीड लागेको थियो । बाढीमा आफन्त गुमाएका परिवारजनका लागि पछिल्ला दिनहरू पीडादायी भएका छन् । पशुपतिस्थित शव दर्ता कार्यालयका कर्मचारी अनिश सङ्गतका अनुसार बुधवार मात्रै आर्यघाटमा कम्तीमा एक सयभन्दा बढी कुशबाट बनाइएका शवका प्रतीकको सामूहिक अन्त्येष्टि गरिएको छ ।
"कुशका शवको हामीले छुट्टै रेकर्ड राख्ने गरेका छैनौँ, तर आज कम्तीमा पनि एक सयभन्दा बढी प्रतीकको शव जलाइएको थियो", उहाँले भन्नुभयो । बाढीमा परी आफन्त बेपत्ता भएको लामो समय बितिसक्दा पनि खोजीका क्रममा कुनै जानकारी प्राप्त नभएपछि परिवारजनले अन्तिम संस्कार गर्न बाध्य भएको बताएका छन् । आफन्त फर्केर आउने आशामा दिनरात पर्खिरहेका परिवारले अन्ततः धार्मिक संस्कार पूरा गरेर मनलाई केही शान्त पार्ने प्रयास गरेका हुन् ।
नुवाकोटका बबिन रिजालका अनुसार भोटेकोशी बाढीमा उनका आमा र बुवा नाथ रिजाल र विनिता रिजाल बेपत्ता छन् । बाढीमा बगेको लामो समय बितिसक्दा पनि बुवा, आमाको अवस्था पत्ता लाग्न नसकेपछि आज पशुपति आर्यघाटमा कुशबाट शवको प्रतीक बनाएर अन्त्येष्टि गरिएको उनले बताए ।
"बाढीमा परी मेरा आमा र बुवा बेपत्ता हुनुभएको छ । अब जीवितै भेटिने आशा मरिसकेकाले आज कुशका शव बनाएर पशुपतिमा

- बाँकी पृष्ठ ३ मा

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल
➢ २४ सैं घण्टा इमर्जेन्सी सेवा
➢ ICU, NICU, PICU सेवा
➢ X-Ray, USG, CT Scan सेवा
➢ Endoscopy/Diode Laser सेवा
➢ Laproscopy सेवा
➢ क्याबिनको समेत व्यवस्था भएको
➢ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
➢ 24/7 Ambulance सेवा
SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, अध्यक्ष : रामनारायण महतो ९८४४०३७१९८, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- मोडल अफसेट प्रेस जनकपुरधाम, ग्रुप एडिटर : राजकरण महतो, सम्पादकः सन्तकुमार क्षेत्री